# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

रक्षा मन्त्रालयका सचिव श्री मुकुन्दसम्शेर थापा नेपाल–भारत वार्ताको सिलसिलामा प्रतिनिधिमण्डलसाथ नयाँ दिल्ली जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री नित्यराज पाण्डेलाई मिति २०४६।११।९ देखि कायम मुकायम मुकरर गरेको छ।

### सूचना २

परराष्ट्र मन्त्रालयका सचिव श्री नरेन्द्रविक्रम शाह व्यापार, पारवहन र अन्य विषयहरूमा हुने नेपाल–भारत वार्तामा भाग लिन नयाँ दिल्ली जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री यादवकान्त सिलवाललाई मिति २०४६।११।९ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
मधुसूदनप्रसाद गोर्खाली
श्री ५ को सरकारको अतिरिक्त सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारको मिति २०४६।१०।३ को निर्णयानुसार नेपाल प्रशासन सेवा, रा.प. द्वितीय श्रेणी (सहायक सचिवस्तर) का श्री जीवनकुमार श्रेष्ठलाई यस मन्त्रालयको सहायक सचिवमा पदस्थापन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४५८
मुद्रण विभाग